# संवत् २०८० साल असार १९ गते बसेको मन्त्रिपरिषद् बैठका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | एमसिए-नेपालले निर्माण गर्ने विद्युत प्रसारण लाइन तथा सवस्टेसनका लागि सिन्धुपाल्चोक, पाल्पा तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका जग्गा प्राप्त गर्न स्वीकृति दिने। |
| २ | अर्थ मन्त्रालय | भन्सार तथा लजिष्टिक्स सुधार कार्यक्रम अन्तर्गत एसियाली विकास बैंकबाट बजेटरी सहायताको रुपमा प्राप्त हुने ५० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| ३ | अर्थ मन्त्रालय | सासेक राजमार्ग सुधार आयोजना सञ्चालन गर्न एशियाली विकास बैंकबाट परियोजना सहायताको रुपमा ३०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने। |
| ४ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणीका ७ जना अधिकृतहरूको सरुवा गर्ने। |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि संवत् २०८० साल पुस मसान्तसम्म थप गर्न बाधा अड्काउ फुकाउको आदेश जारी गर्ने। |
| ६ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना अन्तर्गत सडक सीमारेखाभित्र पर्ने कास्की जिल्लाको रुढीखोला-भैंसे सडक खण्डका घर/टहराहरु हटाउन स्वीकृति दिने। |
| ७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | थाइल्याण्डको बैंककमा हुने 4th High Level Policy Forum on Multilingual Education कार्यक्रम र 7th International Conference on Language and Education विषयक कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीलाई सहभागी हुन स्वीकृति दिने। |
| ८ | निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा श्री घनश्याम उपाध्यायलाई बढुवा गर्ने। | |